# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| | | |
|---|---|---|
| खण्ड:९ | संख्याः १ | ३० बैशाख, २०८३ |


## भाग २

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको निर्देशिका संख्या १

### " कालिञ्चोक गाउँपालिकाको विद्यालय बस सञ्चालन निर्देशिका, २०८३"

**प्रस्तावना :** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५३ मा भएको प्रावधान अनुसार कालिन्चोक गाउँपालिका भित्र सञ्चालित शिक्षण संस्थाहरुले विद्यार्थीहरु ओसारपसार गर्ने उद्देश्यले सञ्चालनमा ल्याएका सवारी साधनहरुले दिने यातायात सेवालाई सुरक्षित, आरामदायी, नियमितता र भरपर्दो बनाउने उद्देश्यले कालिञ्चेक गाउँ कार्यपालिकाको मिति २०८३।०१।२४ को बैठकको निर्णयअनुसार सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६२ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तर्जुमा गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस निर्देशिकाको नाम "विद्यालय बस सञ्चालन निर्देशिका, २०८३" रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकावाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "विद्यालय बस" भन्नाले सामुदायिक, संस्थागत वा अन्य निकायबाट सञ्चालित शिक्षण संस्थाहरूले विद्यार्थीहरू ओसारपसार गर्न प्रयोगमा ल्याएका आफ्नै वा भाडामा लिई सञ्चालन गरेका सवारी साधनलाई सम्झनुपर्दछ । यो शब्दले माइक्रोबस, मिनिबस, भ्यान समेतलाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लाई सम्झनुपर्दछ ।

(ग) "नियम" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई सम्झनुपर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले कालिन्चोक गाउँपालिकालाई सम्झनु पर्दछ ।

**३. विद्यालय बसको मापदण्ड :** विद्यालयले आफ्ना विद्यार्थीहरूको सुरक्षित किसिमले ओसारपसार गराउन सञ्चालन गर्ने विद्यालय बस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछ ।

(१) विद्यालय बसको पहिचान निम्न मापदण्ड भएको हुनुपर्नेछ ।

(क) विद्यालय बसको बाहिरको रङ पहेँलो "Golden Yellow" हुनुपर्नेछ ।

(ख) विद्यालय बसको अगाडि र पछाडि "School Bus" कालो वा निलो रङले लेखिएको हुनुपर्नेछ ।

(ग) बस भाडामा लिएको भए स्कुलको नाम सहित ON School Duty ब्यानर वा बसको अगाडि र पछाडि देखिने गरी School Bus लेखिएको नम्बर प्लेट राखिएको हुनुपर्नेछ ।

(घ) बसको दुबैपट्टी झ्यालको लेभलभन्दा तल स्कूलको नाम, ठेगाना उल्लेख गरिएको हुनुपर्नेछ ।

(२) विद्यालय बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

(क) आपतकालीन ढोका : (Emergency Exit) विद्यालय वसमा आपतकालीन ढोका (Emergency Exit) को व्यवस्था भएको हुनुपर्नेछ ।

(ख) सुरक्षा : विद्यालय बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा आपतकालीन ढोका (Emergency Exit) हरू बन्द गर्ने व्यबस्था हुनुपर्नेछ ।

(ग) झ्यालको ग्रिल : विद्यालय बसको झ्यालमा कम्तिमा तीनवटा Horizontal Round Metal/Round Aluminum Tube को ग्रिल विद्यालय बसको दुबै साइडमा लगाइएको हुनुपर्छ ।

(घ) प्राथमिक उपचार बाकस : विद्यालय बसमा देखिने ठाउँमा प्राथमिक उपचार बाकस (First Aid Kits) व्यवस्था हुनुपर्नेछ ।

(ङ) अग्नि नियन्त्रण उपकरणः बसमा देखिने ठाउँमा अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) राखिएको हुनुपर्नेछ ।

(च) फोहोरको व्यवस्थापनः प्रत्येक विद्यालय बसमा अनिवार्य रूपमा फोहोर फाल्ने टोकरी राखिएको हुनुपर्नेछ ।

(छ) बसको ढोकाको सुरक्षा : बसको ढोकामा भरपर्दो चुकुल (Door Lock) प्रणाली भएको हुनुपर्नेछ ।

(ज) झ्यालको सिसाः झ्यालको सिसामा कुनै पनि किसिमको रङ लेपन नगरी पारदर्शी हुनुपर्नेछ ।

(झ) बसको प्रवेशद्वारः विद्यालय बसको प्रवेशद्वारको रेलिङभन्दा तलतिर सिधै जमिनमा ३०० मि.मि. भन्दा बढी हुन हुँदैन ।

(ञ) बसको सिटहरूको अवस्थाः बसको सिटहरूको अवस्था दुरुस्त हुनुपर्नेछ वा सिटको कुनै पनि भागबाट तीखा वा धारिलो वस्तु बाहिर निस्किएको हुनुहुँदैन ।

(ट) स्कुल ब्याग राख्ने व्यवस्थाः स्कुल ब्याग सुरक्षित किसिमले राख्नका लागि बस भित्र स्कुल ब्याग राख्ने तखताको व्यवस्था हुनुपर्नेछ ।

(ठ) बस सिटको लेआउट (Layout): सम्पूर्ण सिटहरू अगाडि फर्किएका (Forward Facing) हुनुपर्छ । चालक अगाडि सिटको बीचमा अगाडि सिटको अगाडि उचित किसिमको छेकबारको व्यवस्था हुनुपर्नेछ ।

(ड) विद्यालय बसबाट आवतजावत गर्ने प्रयोजनको लागि विद्यालय र विद्यार्थीको घरको दुरी बढीमा ५(पाँच) किलोमिटर हुनेछ ।

४. **सिट सङ्ख्या र बसको क्षमताः** विद्यालय बसले बसको सिट सङ्ख्या अनुसार देहाएको सङ्ख्यामा विद्यार्थी ओसारपसार गर्न पाउने छन् ।

(क) १२ वर्षभन्दा मुनिका विद्यार्थीलाई बसको सिट क्षमताभन्दा १.५ गुणा विद्यार्थी ओसारपसार गर्न सकिनेछ ।

(ख) १२ वर्षभन्दा माथिका विद्यार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राख्नुपर्नेछ ।

५. **विद्यालय बसमा विद्यार्थीहरूको विवरण**

(क) प्रत्येक विद्यार्थीहरूको लागि विद्यालय बसको नम्बर, रुट र बिसौनी उल्लेख गरेको विद्यार्थीको तस्वीर सहितको परिचय पत्र जारी गरेको हुनुपर्नेछ ।

(ख) बस चालकले विद्यार्थीहरूको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ ।

(ग) सूचीमा विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह, रोक्नु पर्ने बिसौनी उल्लेख हुनुपर्नेछ ।

(घ) बसमा बस संचालनको मार्ग तालिका तथा समय सारिणी टाँस गरेको हुनुपर्नेछ ।

६. **बसको गति सीमित हुनुपर्नेः** विद्यालय बस कुनै पनि किसिमले अधिकतम ४० कि. मि. (चालिस किलोमिटर) प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाईने छैन ।

७. **स्टप चिन्ह (Stop Sign):** बसको परिचालकले चाहिएको बेलामा विद्यार्थीहरुलाई ओराल्ने, चढाउने वा बाटो काट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (Stop Sign) बस भित्र राखिएको हुनुपर्नेछ ।

८. **धुम्रपान तथा मध्यपान गर्न नपाईंनेः** विद्यालय बसमा कसैले पनि धुम्रपान तथा मध्यपान गर्न पाईंने छैन गरेको व्यक्तिलाई प्रवेश निषेध हुनेछ ।

९. **बालश्रम निषेधः** विद्यालय बस संचालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईंने छैन ।

## १०. विद्यालय बस चालक सम्बन्धी व्यवस्था

(क) विद्यालय बसको चालक नियुक्ति विद्यालयले गर्नेछ ।

(ख) विद्यालय बसका चालक तथा परिचालकले तोके बमोजिमको पोशाक र परिचय पत्र अनिवार्य लगाउनु पर्नेछ ।

## ११. विद्यालयको दायित्व

(क) अनुभवी चालकको व्यवस्था गर्ने ।

(ख) प्रत्येक विद्यार्थी एवम् चालकलाई जान्ने गरी सामान्य ट्राफिक नियमका बारेमा समय समयमा जानकारी गराउनुपर्नेछ ।

(ग) विद्यालय बसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

(घ) विद्यालयले भाड़ाका बस लिँदा नियमित रुट (बाटो) बाहेक सवारी संचालन गर्नु पर्नेछ ।

(ङ) विद्यालयले विद्यार्थी ओसार पसारमा प्रयोग हुने प्रत्येक विद्यालय बसको यातायात व्यवस्था कार्यालयमा (दर्ता) गराई अद्यावधिक गराउनुपर्नेछ ।

(च) बस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्बर लेखेको हुनुपर्नेछ ।

(छ) बसलाई विद्यालयमा पार्क गरी राख्ने व्यवस्था गर्नुपर्नेछ ।

(ज) नियमित सरसफाइ, सर्भिसिङ गर्नुपर्ने भए गर्ने वा सम्बन्धित निकायमा पहल गर्नुपर्नेछ ।

(झ) सवारी साधनको नियमित मर्मत सम्भार गर्नुपर्नेछ ।

(ञ) सवारी भालक तथा सहचालकको आचारसंहिता बनाई लागु गर्नुपर्नेछ ।

(ट) विद्यालयको सवारी साधनले यातायात तथा सवारीको अन्य मापदण्ड पूरा गरे/नगरेको यकिन गर्ने ।

## १२. सवारी चालकको दायित्व

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधनसंग सम्बन्धित सबै किसिमका कागजातहरु (सवारी दर्ता प्रमाणपत्र, बाटो इजाजतपत्र, सवारी जाँचपासपत्र) साथमा राख्नुपर्नेछ ।

(ख) तोके बमोजिमको पोशाक र परिचय पत्र लगाएको हुनुपर्नेछ ।

(ग) चालकले विद्यालयको परिचय पत्रवाहक वाहेकका कुनै पनि अन्य व्यीक्तलाई यात्रा गराउन, मालसामान वोक्न र अनावश्यक व्यक्ति बसमा लिएर हिडन पाइने छैन ।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ ।

(ङ) सडकमा सवारी चलाउदा अत्यावश्यक सेवाका सवारीसाधनलाई प्राथमिकता दिनुपर्नेछ ।

(च) चालकले सधैं एकजना परिचालक साथमै लिई हिड्नुपर्नेछ ।

(छ) चालकले कुनै अभिभावक विद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

(ज) सवारी चलाएको अवस्थामा मोबाईल वा इयरफोन (Earphone) को प्रयोग गर्न पाईने छैन ।

(झ) कुनै पनि यौनजन्य दुर्व्यवहार नगर्ने नगराउने ।

(ञ) विद्यार्थीहरू, शिक्षक तथा अभिवावकहरू संग नम्र, सभ्य व्यावहार र बोली प्रकट गर्नुपर्नेछ ।

(ट) विद्यालय वसको हेरचाह, सरसफाइ, मुविल चेक, पानी चेक जस्ता अभारभूत परीक्षण गरी आवश्यक मर्मत गर्नुपरेमा विद्यालयलाई जानकारी गराउने ।

## १३. अभिभावक र विद्यार्थीको दायित्वः

### (१) अभिभावकको दायित्व

(क) सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

(ख) विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विद्यार्थीहरुलाई अनिवार्य पुऱ्याउनु तथा ल्याउनु पर्नेछ ।

(ग) पूर्व प्राथमिक तहका विद्यार्थीहरुको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुऱ्याउनु तथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउनु पर्नेछ ।

(घ) चालकले सवारी नियम तथा यस निर्देशिका विपरीत सवारी चलाएको पाइएमा नजिकको प्रहरीलाई खबर गर्ने र अनावश्यक व्यक्तिहरू बसमा देखिएमा, सामानहरू देखेमा अभिभावकले तुरुन्त विद्यालय प्रशासनलाई खबर गर्नु पर्नेछ ।

(ङ) अभिभावकले चालकसंग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुँदैन ।

(च) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने, अनावश्यक चासो राख्नु हुँदैन ।

### (२) विद्यार्थीहरुको दायित्व

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहर नगर्ने, आपसमा मिलेर बस्ने, झ्यालबाट फोहोर नफाल्ने र चालकसंग भद्र व्यवहार गर्ने दायित्व सम्बन्धित विद्यार्थीको हुनेछ ।

(ख) चालकले सवारी नियम उल्लंघन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खबर गर्नुपर्नेछ ।

(ग) ट्राफिक संकेत सम्बन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्बन्धित पक्षलाई सचेतना जगाउन मार्ग दर्शकको भूमिका निर्वाह गर्ने ।

घ) बसको सिटमा लेख्ने वा कोर्ने गर्न पाइने छैन ।

ङ) तोके बमोजिमको स्थान र समयमा अनिवार्य उपस्थित हुने, विद्यालयले तोके बमोजिम छात्र, छात्र सिटमा बस्ने ।

च) साना साना वालवालिकालाई प्राथमिकता दिने ।

१४. **अनुगमनः** यो निर्देशिका पालना गरे नगरेको विषयमा यातायात व्यवस्था विभाग वा मातहतका कार्यालयहरु वा अधिकार प्रत्यायोजन भएका निकायहरु, गाउँपालिकाले अनुगमन गर्नेछन् ।

१५. **गाउँपालिकाको दायित्व :** विद्यालय बस सञ्चालन गर्नका लागि आवश्यक पर्ने तपशिल बमोजिमका खर्च व्यवस्थान गर्नुपर्नेछ ।

(क) विद्यालय बसलाई नियमित र दिर्घकालिन रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने ।

(ख) विद्यालय बस सञ्चालनका लागि रूट निर्धारण तथा सञ्चालनका लागि विद्यालयलाई सहयोग गर्ने ।

(ग ) नियमित अनुगमन तथा आवश्यक निर्देशन, सल्लाह र पृष्ठपोषण दिनुपर्नेछ ।

१६. **आर्थिक स्रोतको व्यवस्थापन :** विद्यालय बस सञ्चालनको लागि आर्थिक स्रोतको व्यवस्थापन देहाय बमेजिम गरिनेछ ।

(१) विद्यालयलाई गाउँपालिकाले बार्षिक बजेटमा समावेश गरी सालबसाली रुपमा विद्यालय बस सञ्चालनको लागि सशर्त अनुदान उपलब्ध गराउने छ ।

(२) विद्यालय बस सञ्चालनको लागि प्राप्त अनुदान देहायको परिधि भित्र खर्च गर्नुपर्नेछ ।

क) विद्यालय बस चालक तथा सहचालकको पारिश्रमिक

ख) विद्यालय बस मर्मत खर्च

ग) विद्यालय बसको इन्धन खर्च

घ) विद्यालय बसको बिमा तथा नवीकरण खर्च

(३) उपदफा १ को अतिरिक्त विद्यालयलाई अन्य स्रोतबाट प्राप्त रकमबाट पनि प्रचलित कानुन बमोजिम विद्यालय बस सञ्चालन तथा व्यवस्थापनको लागि खर्च गर्न सकिनेछ ।

(४) विद्यालय बस सञ्चालनको लागि निकासा भएको अनुदान सोही आर्थिक बर्ष भित्र खर्च हुन नसकेमा गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले विद्यालय बस सञ्चालन तथा व्यवस्थापन अनुदान स्वरुप त्रैमासिक रुपमा निकासा दिन सक्नेछ ।

(६) विद्यालयले उपदफा (२) बमोजिमका शीर्षक भित्र रही खर्च गरी सोको सक्कल बिल भरपाई प्रत्येक त्रैमासिक समाप्त भएको ७ (सात) दिनभित्र गाउँपालिकामा पेस गर्नुपर्नेछ । बिल भरपाई पेस नभएमा अर्को त्रैमासिक निकासा गरिने छैन ।

(७) उपदफा (२) बमोजिमको रकम खर्च गर्दा अविवार्य रुपमा बैङ्क खाताबाट भुक्तानी गर्नुपर्नेछ ।

**१७. विविध**

क) निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिए गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

ख) निर्देशिकामा भएको व्यवस्थाहरु उल्लङ्घन गरिएको पाइएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारवाही हुनेछ ।

ग) यो निर्देशिका अन्य कुनै प्रचलित कानुनसंग बाझिएको हकमा बाझिएको हदसम्म यो निर्देशिकाका प्रावधान अमान्य हुनेछन् ।